# हरिनगर गाउँपालिका
# Harinagar Rural Municipality
# गाउँ कार्यपालिकाको कार्यालय
# Office of Rural Municipal Executive

प.स. २०७९/०८०
**Letter no.2079/080**
च.न.:
**Ref. no.:**

हरिनगरा, सुनसरी
**Harinagara, Sunsari**
१ नं. प्रदेश, नेपाल
**Province no. 1, Nepal**

## निशुल्क लोकसेवा तयारी कक्षा संचालन हुने सम्बन्धी सूचना

<u>प्रथम पटक प्रकाशित मिति २०७९।११।१०</u>

तुलराज थापा मगर
प्रमुख प्रशासकीय अधिकृत

यस हरिनगर गाउँपालिकाको आ.व. २०७९।८० को वार्षिक स्वीकृत कार्यक्रमबाट यस गाउँपालिकामा स्थायी बसोवास गर्दै आएका आर्थिक सामाजिक रुपमा विपन्न तथा लोकसेवा पढ्न ईच्छुक नेपाली नागरिकका लागि लोकसेवा आयोगद्धारा लिईने राजपत्र अनंकित द्वितीय श्रेणी (खरिदार) वा सो सरह र राजपत्र अनंकित प्रथम श्रेणी (नायब सुब्वा) वा सो सरहको अप्राविधिक पदको प्रतियोगितात्मक परिक्षा सम्बन्धी तयारी कक्षा संचालन गर्ने कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रममा सहभागी हुन ईच्छुक योग्यता पुगेका नेपाली नागरिक (हरिनगर गाउँपालिका अन्तर्गतका स्थानीय मात्र) हरुले यो सूचना प्रकाशित भएको मितिले (७) सात दिन भित्र तपसिलको कागजातहरु सहित यस कार्यालयमा उपस्थित भई कार्यालयले उपलब्ध गराएको ढाँचामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

<u>तपसिलः</u>

१) आवश्यक न्युनतम योग्यताः

- राजपत्र अनंकित प्रथम श्रेणी वा सो सरहका लागि प्रविणता प्रमाणपत्र तह वा सो सरह उर्तीर्ण गरेको हुनु पर्नेछ ।
- राजपत्र अनंकित द्वितीय श्रेणी वा सो सरहका लागि एस.एल.सी. वा सो सरह उर्तीण गरेको
- १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)

२) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः

- न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपी
- नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी
- पासपोर्ट साइजको प्रमाणपत्र प्रतिलिपी

३) दरखास्त दिने अन्तिम मितिः२०७९।११।१६

४) कक्षा संचालन मिति र समय सारिणी (Class schedule )पछि तोकिने छ ।

५) कोचिङ कक्षाको लागि लाग्ने शुल्क बाहेक अन्य खर्च गाउँपालिकाले व्यहोर्ने छैन ।

६) कक्षा सञ्चालन गर्ने स्थान विराटनगर हुनेछ ।

७) अन्य थप जानकारीका लागि कार्यालय समयमा सूचना प्रविधि शाखामा सम्पर्क राख्न सकिनेछ ।